# महाराजगन्ज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
महाराजगन्ज, कपिलवस्तु
लुम्बिनी प्रदेश


पत्र संख्या :-०८१।०८२
चलानी नम्बर :-१३६१

मिति :२०८१।१०।३०

## सुचना

सम्बन्धित सबै बेरोजगार व्यक्तिहरु,
महाराजगन्ज नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,कपिलवस्तु ।

**बिषय:** बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुने सम्बन्धि सूचना ।

प्रस्तुत बिषयमा रोजगारीको हक सम्बन्धि ऐन,२९७५ को दफा ११ को उपदफा १,रोजगारीको हक सम्बन्धि (दोश्रो संशोधन) नियमावली,२०७५ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को न्दफा १८ को उपदफा १ बमोजिम आगामी आ.ब. २०८२/०८३ मा न्युनतम रोजगारमा संलग्न हुन् इच्छुक १८ बर्ष उमेर भई ५९ बर्ष ननाघेका बेरोजगार व्यक्तिले बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा तपसिलमा उल्लेखित कागजात सहित मिति २०८१ फाल्गुन १ गते देखि २९ गते भित्र तोकिएको ढांचा (अनुसूची-१) मा निबेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ । निवेदनको ढांचा सम्बन्धित वडा कार्यालय,रोजगार सेवा केन्द्र र कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ ।साथै आबेदन फारममा उल्लेखित सम्पूर्ण बिबरण अवश्य भर्नु हुन् अनुरोध छ ।

वडा कार्यालय सबै सहजीकरण गर्नुहुन अनुरोध छ ।

.............................
रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

तपसिल:

१. निवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रफोटो कपी १ प्रति ।
२. निवेदकले कुनै सीपमूलक तालिम लिएको वा अन्य कुनै क्षेत्रमा दक्ष भए सोको फोटो कपी १ प्रति ।
३. निवेदकको फोटो १ प्रति ।
४. बसाई सराई भएको भए सोको प्रमाण पत्रको फोटो कपी १ प्रति ।
५. परिवारमा रहेका व्यक्तिहरुको नागरिकता वा जन्मदर्ता प्रमाण पत्रको फोटो कपी १/१ थान ।

थप जानकारीको लागि वडा कार्यालय,रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नु हुन् अनुरोध गरिन्छ ।